संघीय संसद

राष्ट्रिय सभा

# दिगो विकास तथा सुशासन समिति

मिति : २०७५/०५/०१

बैठक संख्या : ३

## निर्णय

१. समितिको आजको बैठकमा नेपालले दिगो विकास लक्ष्य प्राप्तितर्फ गरेको प्रतिबद्धता, कार्यान्वयनको वर्तमान अवस्था र भावी कार्ययोजनका बारेमा माननीय अर्थ मन्त्री र राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षले समितिमा जानकारी गराउनुभयो । माननीय अर्थ मन्त्रीले दिगो विकास लक्ष्य पूरा गर्न स्रोतको व्यवस्थापन गर्नुपर्ने, निजी र सहकारी क्षेत्रसँग सहकार्य गर्नुका साथै राजनीतिक तवरले दिगो विकास लक्ष्य पूरा गर्न सबै राजनीतिक दल लाग्नु पर्ने कुरामा जोड दिनुभयो भने राष्ट्रिय योजना आयोगका उपाध्यक्षले दिगो विकास सम्बन्धी रणनीति तय गरी सोको प्रकाशन समेत गरिएको र संघीय तहमा दिगो विकास लक्ष्य कार्यान्वयन गर्ने संरचनाको निर्माण गरी सकिएको जानकारी दिनुभयो ।

समितिको आगामी बैठकमा समितिको कार्यविधि सम्बन्धमा छलफल गर्ने गरी आजको बैठक स्थगित भयो ।

दिगो विकास तथा सुशासन समिति